नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या:

चलानी नं.:

सिंहदरबार, काठमाडौं

नेपाल।

## आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध

जल तथा मौसम विज्ञान विभागका अनुसार यही असार १६ र १७ गते मनसुनी गतिविधि बढ्न गई मधेश प्रदेश तथा कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित भारी वर्षा तथा एकदुई स्थानमा धेरै भारी वर्षाको समेत संभावना छ। यसैगरी देशका पहाडी र तराई भू-भागका धेरै स्थानमा तथा हिमाली भूभागका केही स्थानमा समेत मेघगर्जन/चट्याङ सहित मध्यम वर्षाको संभावना रहेको छ। यस्तो बेला अकस्मात बाढी, पहिरो, कटान, गेग्रान बहाव, शहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम समेत हुने भएकाले आवश्यक सतर्कता अपनाउनु हुन र पूर्वतयारी गर्नु हुन सबैमा अनुरोध गर्दछौं।

जोखिमको अवस्थालाई मध्यनजर गरी निम्न कार्य गर्न गराउन सम्बन्धित सबैमा अनुरोध छ।

- अकस्मात बाढी आउनसक्ने खोला तथा खहरेको बाटो हुँदै यात्रा गर्नेहरु, पहिरोको जोखिममा रहेका स्थान तथा खोला/नदी किनाराका बस्तीका बासिन्दाहरुले बढी सतर्कता अपनाउने।
- डुबान हुने बस्तीका बासिन्दाहरुले उँचो र सुरक्षित स्थानबारे आफूले पनि जानकारी लिने र अरुलाई पनि जानकारी दिने। आवश्यक पर्नासाथ सुरक्षित रुपमा सुरक्षित स्थानमा जाने।
- तीनवटै सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवकलगायत सरोकारवाला सबै निकाय प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- जोखिमयुक्त राजमार्ग र सडकहरुमा डोजर, एक्साभेटर, लोडर लगायतका साधनहरु तयारी अवस्थामा राख्ने।
- पूर्वतयारी, पूर्वकार्य र प्रतिकार्यमा सहयोग गर्ने साझेदार संस्थाहरुले जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको सम्पर्कमा रही अलर्टमा रहने।
- वर्षा र बाढीबारे जानकारी लिन ११५५, विपद्मा मद्दत माग्न ११४९, नेपाल प्रहरी १०० र सशस्त्र प्रहरी बल, नेपालको ११९४ हटलाइन नम्बर मोबाइलमा सेभ गरी राख्ने र आवश्यक पर्नासाथ फोन गर्ने।

साथै, जल तथा मौसम विज्ञान विभाग र प्राधिकरणबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी बारे जानकारी लिइरहनु हुन अनुरोध छ।

*मिति: २०८३/०३/१४ गते, आइतबार*

(शान्ति महत)

प्रवक्ता/उपसचिव

फोन: ०१-४२११११०, ४२११११५, ४२११४८३, टोल फ्रि: ११४९, इमेल: ndrrma@gmail.com, info@bipad.gov.np, URL:www.ndrrma.gov.np